नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१
चलानीनं.:- ९२०

मिति:२०८१/६/१५
ने.सं. ११४४ ञंलागा १४

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिँहदरवार, काठमाडौं।

बिषयः कार्यनीतिको दफा ३ को उपदफा ६ सम्वन्धमा ।

प्रस्तुत विषयमा मालपोत ऐन,२०३४ को दफा २४ को उपदफा १ को प्रयोजनको लागि खण्ड ७२) संख्या २० नेपाल राजपत्र भाग ५ मिति २०७९/०३/२३ मा प्रकाशित भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट जारी गरिएको सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा ३ को उपदफा ६ मा *"कुनै सरकारी निकायको नाममा दर्ता रहेको जग्गा अर्को सरकारी निकायलाई आवश्यक भएमा जग्गा माग गर्ने निकायको केन्द्रीय निकाय ,दर्तावाल निकायको केन्द्रीय निकाय र सिफारिस समितिको सिफारिसको आधारमा मन्त्रालयले माग गर्ने सरकारी निकायलाई जग्गा उपयोग गर्न स्वीकृति दिन सक्नेछ"* भन्ने व्यवस्था छ ।यहि व्यवस्थालाई आधार मानी विभिन्न गाउँपालिका/नगरपालिकाले आफ्नो नाममा रहेको जग्गा अन्य सरकारी निकायलाई उपयोगको लागि दिन र अन्य सरकारी निकायको नाममा रहेको जग्गा उपयोगका लागि लिने प्रक्रिया अगाडी बढाउन सिफारिसको लागि यस मन्त्रालयमा लेखि पठाउने गरेको अवस्था छ ।नेपाल सरकार कार्यविभाजन नियमावलीको नियम ५ सँग सम्वन्धित अनुसूची २ को संख्या १८ (१) मा संघ र स्थानीय तथा प्रदेश र स्थानीय तहबीचको सम्पर्क र समन्वय गर्ने गरी यस मन्त्रालयको कार्यविभाजन गरेको छ ।नेपालको संविधान र प्रचलित कानून बमोजम स्थानीय सरकार आफैंमा स्वायत्त रहेको र स्थानीय तहको केन्द्रीय निकायको रुपमा छुट्टै निकायको परिकल्पना गरिएको छैन । यस अवस्थामा स्थानीय तहले कुनै सरकारी निकायको नाममा रहेको जग्गा प्राप्ति गर्दा तथा कुनै सरकारी निकायलाई आफ्नो नाममा रहेको जग्गा प्रदान गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले केन्द्रीय निकायको रुपमा सिफारिस गर्ने स्पष्ट आधार नरहेको साथै स्थानीय तहको हकमा कार्यनीतिले कुन केन्द्रीय निकायको परिकल्पना गरेको हो भन्ने विषयमा समेत स्पष्ट नभएको देखिदा यस बिषयमा तहाँ मन्त्रालयबाट उपयुक्त निर्णय लिन लेखि पठाउने भनि यस मन्त्रालयको माननीय मन्त्रीस्तरबाट मिति २०८१/०६/१५ मा निर्णय भएकोले सोहि व्यहोरा आबश्यक कार्यवाहीको लागि लेखि पठाईएको व्यहोरा अनुरोध छ ।

बोधार्थ
श्री जिल्ला समन्वय समिति सबै,
श्री नगरपालिका सबै,
श्री गाउपालिका सबै ।
श्री सूचना तथा प्रविधि शाखा (यस मन्त्रालयको वेबसाईटमा अपलोड गरिदिनुहुन )

२०८१/६/१५

प्रकाश पन्थी
शाखा अधिकृत

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np